**प्रश्न नं. ८१**

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं.९७६० देखि ९८८१ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

राम प्रावसनको जाहेरीले नेपाल सरकार
बिरुद्ध
महोत्तरी जिल्ला सहोडवा गाउँपालिका वडा नं. ७ बस्ने सत्येन्द्र झा, प्रसन्नकुमार झा, सुनिल झा
मुद्दाः-ज्यान सम्वन्धी कसूर

जिल्ला महोत्तरी सहोडवा गा.वि.स. वडा नं. ७ स्थित सत्येन्द्र झाको घर पश्चिम, रतौली जाने बाटो सो पूर्व रमाकान्त झाको घर सो दक्षिण मनुकान्त झा र आनन्दकुमार झाको घर सो उत्तर यति चारकिल्लाभित्र घटना भएको, लासको विवरणः मुख खुल्ला, माथिल्लो दाँत दबिएको, मुखबाट प्रशस्त मात्रामा रगत बगी मृतकको कपाल लतपत भएको देखिएको, दाहिने हातमा रातो रंगको गम्छा बाँधिएको, नाकबाट फिँज आएको देखिएको कम्मरमा छाला खुइली रगत आएको देखिएको लास जाच प्रकृति मुचुल्का

मृतक छोरा कृष्णकुमार पासमान र सत्येन्द्र झाको छोरी सरोजकुमारी झा बिचमा प्रेम सम्बन्ध स्थापित भएको, प्रेम सम्बन्धको चर्चा परिचर्चा गाउँमा भएपछि थाहा पाई सत्येन्द्र झाले केही महिना अगाडि कुष्णकुमार पासवान ज्यानै मार्ने धम्की समेत दिएको थियो । मिति २०७५।८।५ गते करिव ७. बजे कृष्णकुमार पासवान गाउँकै प्रमेश्वर महतोको पसलमा सलाई किन्न गएकोमा राति १०:०० बजेसम्म छोरा नआएकोले गंगा पासवान, खुशलाल पासवान लाई साथ लिई खोज्दै जाँदा सत्येन्द्र झाको दलान बैठकबाट गाँईगुईको आवाज सुनी हेर्दा विपक्षी सत्येन्द्र झा, प्रसन्नकुमार झा, सुनिल झा,समेतले लास फाली भाग्न सफल भएका हुन् । विपक्षी सत्येन्द्र झाको घर बैठक पछाडि फालेको लास गई हेर्दा छोरा कृष्ण पासवान मृतक अवस्थामा रहेकोमा मेरो छोराको विपक्षी सत्येन्द्र झा कि छोरीसँग प्रेम सम्बन्ध रहेको कारण विपक्षीहरुहरूले मिलोमतो मेरो छोरालाई मारी फालेकोमा विपक्षीहरूलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाऊँ भन्ने राम पासवानको मिति २०७५/८/६ को किटानी जाहेरी दरखास्त ।

मृतक कृष्ण पासवानको निधारमा कुनै धारिलो हतियारले काटेको र सोहि स्थानवाट अत्याधिक रगत वगेको, आँखा सुनिएको, घाटीमा तीन वटा गहिरो प्वाल परी उक्त ठाउको मासु निस्केको, टाउको दाहिने तर्फ गहिरो चोट, मुख खुल्ला , हात दुवै भाचिएको, शरिमा डोरि जस्तो देखिने ८ ठाउँमा निल डाम, र अण्डकोष फुटेको जस्तो देखिएको भन्ने समेतको लासजाँच मुचुल्का

मृतक कृष्णकुमारको लास पोष्टमार्टम हुँदा सोमा मृत्युका कारण The cause of death is shock resulted from sustained blunt injuries over head, forehead and left abdomen.Blunt force injury in neck and injuries to the entire body भनि उल्लेख भएको पोष्ट मार्टम रिपोट

## प्रश्न नं. ८१

प्रतिवादीहरुले कुटपीट गरी कर्तव्य गरी मारी फालिदिएको हो भन्ने व्यहोराको एकै मिलानको बुझिएका खुशलाल पासवान, गंगा पासवान, बुधु पासवान , रामहरि विलास, प्रदीप कुशवहान, संजय शाहको छुट्टाछुट्टै कागज ।

मेरो छोरी सरोजकुमारी झा तथा जाहेरवालीको छोरा कृष्णकुमार पासवानको पहिलादेखि प्रेम सम्बन्ध रहेको कुरा मैले थाहा पाएको थिएँ । निज कृष्णकुमार पासवानलाई पटकपटक गरी सम्झाई बुझाई गर्दा समेत मेरो छोरीसँग प्रेम सम्बन्ध राख्ने कार्य जारी नै राखेको कारण म समेतका सबै प्रतिवादीहरूलाई घरमा बोलाई निजलाई मार्ने समेत छलफल गरी निष्कर्षमा पुगेका थिए । कृष्णकुमार पासवानलाई वाटोमा आईरहेको देखिएकोमा निजलाई समाती मुख थुनि घरभित्र ल्याई कुटपीट समेत गरी म समेत सबै प्रतिवादीले कर्तव्य गरी मारि मृतकलाई बोकी राति फाली म समेतका प्रतिवादीहरू भागि फरार भएका थियौं भन्ने समेत व्यहोराको प्रतिवादी सत्येन्द्र झा,प्रसन्न झा र सुनिल कुमार झाको अधिकारप्राप्त अधिकारीसमक्षको बयान कागज ।

जाहेरवालीको छोरा कृष्णकुमार पासवान दलित र प्रतिवादी सत्येन्द्र झाको छोरी सरोजकुमारीको बीचमा पहिला देखिनै प्रेम सम्बन्ध रहेको कारण मृतक कृष्णकुमार पासवान दलित जातिको भएकोले निजलाई मिति २०७५।८।५ गते राति अं. ८:०० बजे बाटोमा समाती घरभित्र लगी मुख नाक समेत थुनि कुटपीट गरी कर्तव्य गरी मारी फाली दिएकोमा पूर्ण विश्वास लाग्छ भन्ने समेत व्यहोराको राजनारायण पासवान, मोहन साह तेली, शिवधारी यादव, मुलिलाल यादव र सिताराम साहको करिब एकै मिलानको मुचुल्का व्यहोरा ।

प्रतिवादीहरूले आपसमा पहिलेदेखि लिई आएको रिसइवीले सबै प्रतिवादीहरूले योजना बनाई भेला भई जाहेरवालीको छोरा कृष्णकुमार पासवानलाई मिति २०७५।८।५ गते राति बाटोबाट समाती मुख नाक समेत थुनी प्रतिवादी सत्येन्द्र झाको घरभित्र लगी प्रतिवादीहरूले हात मुक्काले यत्रतत्र कुटपीट गरी कर्तव्य गरी मारी नांगै पारी फाली दिएको कुरा सप्रमाण पुष्टि भएको हुँदा अभियोगपत्रको विरुद्ध खण्डका प्रतिवादीहरू उपर मुलुकी अपराध सहिताको परिच्छेदको दफा १७७ को कसुररमा १७८ बमोजिम सजाय गरिपाउँ र १८६ नं बमोजिम कृष्ण पासवानको परिवारलाई क्षतिपुर्ति दिलाई पाउँ भन्ने अभियोग पत्र

प्रतिवादीहरुको अदालतमा इन्कारी वयान

महोत्तरी जिल्ला अदालत वाट भएको फैसला

उच्च अदालतमा प्रस्तुत गरेको पुनरावेदनपत्र